# गैंडाकोट राजपत्र

खण्ड :०५ संख्या : ११ मिति : २०७९/१२/०४

## भाग □०२

## गैंडाकोट नगरपालिका

नेपालको संविधान बमोजिम गैंडाकोट नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## स्थानीय निर्माणकर्मी ईजाजत सम्बन्धि कार्यविधि, २०७९

स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न सार्वजनिक निर्माणको तथा निजि निर्माण क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माण तथा निजि निर्माणमा सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड छ (५) ले दिएको अधिकार प्रयोग गरी गैंडाकोट नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

(१) **इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण तथा निजि निर्माण कार्य गर्न नहुने** : प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "**स्थानिय निर्माणकर्मी**" को नामबाट कसैले पनि सार्वजनिक निर्माण तथा निजि निर्माण कार्य गर्न गराउन हुँदैन।

२) **नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्थाः** (१) निर्माण कार्य गर्न चाहने व्यवसायीले अनुसूची-१ बमोजिम निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस गैंडाकोट नगरपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-४ र ५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा प्राविधिकबाट मुल्यांकन तथा जाँचवुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसार प्राविधिकबाट आवश्यक योग्यता पुगेको सिफारिस भई आएमा प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम मुल्यांकन गर्दा न्युनतम योग्यता तथा मापदण्ड पुगेका निर्माण व्यवसायी/कम्पनीहरुलाई गैंडाकोट नगरपालिकाको प्रमूख प्रशासकीय अधिकृतवाट इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गरिने छ ।

३) **इजाजतपत्रको अवधि र नवीकरणः** (१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माणकर्मीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र यस गैंडाकोट नगरपालिकालाई अनुसूची-२ वा वार्षिक रुपमा आर्थिक ऐनले तोके वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । तोकिएको अवधी भित्र नवीकरण नगर्ने निर्माणकर्मीको इजाजत पत्र नविकरण गर्न नगरपालिका वाध्य हुनेछैन ।

४) **इजाजतपत्रको खारेजी :** (१) देहायको अवस्थामा नगरपालिकाले निर्माणकमीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण तथा निजी निर्माणको कार्य गर्ने वा निर्माण गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा, वा कुनै व्यहोराबाट नगरपालिकाले जानकारी पाएमा ।

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माणकर्मी लाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ बमोजिम लगातार २ वर्षसम्म नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी भएमा सो दर्ता गर्ने कार्यालयलाई समेत दिनेछ।

**४) इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :**

कुनै निर्माणकर्मीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ।

**६) प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

## अनुसूची - १

(कार्यविधि को दफा २ को उपदफा (१) संग सम्वन्धित)

## इजाजतपत्र पाउ भन्ने बारेको निबेदन

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,

गैंडाकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

**विषयः स्थानीय निर्माणकर्मीको ईजाजत पाँउ ।**

महोदय,

म ............................................................ निवासी ............................. को नाती ...................... को छोरा ............................ ले गैंडाकोट नगरपालिकाको स्थानीय निर्माणकर्मी ईजाजत सम्बन्धि कार्यविधि, २०७९ ले तोकेको मापदण्ड पुरा गरेकोले आवश्यक मूल्यांकन गरी स्थानीय निर्माणकर्मीको ईजाजत दिनुहुन आवश्यक कागजात सहित श्रीमान समक्ष यो निवेदन पेश गरेको छु ।

**निवेदकको**

हस्ताक्षरः

नाम थरः

स्थायी ठेगानाः

सम्पर्क नं.:

## अनुसूची - २

कार्यविधि को दफा २ को उपदफा (४) र दफा ३ को उपदफा (२)संग सम्वन्धित

**ईजाजत पत्रको दस्तुर सम्बन्धी विवरण**

| क.सं. | निर्माण व्यवसायी को वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर | ईजाजतपत्र नवीकरण थप दस्तुर (म्याद काटेमा ) | ईजाजतपत्र प्रतिलिपी दस्तुर |
|---|---|---|---|---|---|
| १ | स्थानिय निर्माणकर्मी | रु. ५,०००।०० | रु. ५०००।०० | रु. १०००।०० (सोही वर्षको लागि)<br>रु. ५०००।०० (अर्को वर्षको लागि) | रु. १०००।०० |

**अनुसूची - ३**

(कार्यविधि को दफा २ को उपदफा (३) र दफा ३ को उपदफा (२) संग सम्वन्धित)

गैंडाकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

## स्थानीय निर्माणकर्मी ईजाजतपत्र

ईजाजतपत्र नं.................. मिति :- .....................

फोटो

गैंडाकोट नगरपालिकाको स्थानिय निर्माणकर्मी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७९ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ............................................................. निवासी नागरिकता नं. ........................................ का तपाई श्री .............................................लाई यो इजाजतपत्र प्रदान गरिएको छ । प्रचलित कानूनको पूर्ण परिपालना गरी स्थानीय निर्माणकर्मीको रुपमा कार्य सम्पादन गर्नुहोला ।

**स्थानिय निर्माणकर्मी**

ईजाजतपत्र दिनेको,-

दस्तखत :-

नाम :-

पद :-

मिति :-

कार्यालय :-

## निर्माणकर्मी (ठेकेदार)को काम,कर्तब्य र अधिकार

१)प्रत्येक वर्ष श्रावण मसान्तभित्र तोकीएको दस्तुर तिरी नबिकरण गर्नुपर्ने छ ।

२)भूकम्प सुरक्षात्मक निर्माण सम्बन्धि नगरपालिकाबाट प्रदान गरिने तालिम तथा गोष्ठीहरुमा सक्रियतापूर्बक भाग लिनुपर्ने छ । तथा नगरपालिकाबाट जारी गरिने निर्देशनहरु अनिवार्य रुपमा पालना गर्नुपर्ने छ ।

३) निर्माणकर्मी (ठेकेदार)ले भवन निर्माण कार्य गर्दा गैडाकोट नगरपालिकाको अधिनमा रही गर्नुपर्ने छ ।

४)नगरपालिकाबाट नक्सा पास भएपछि मात्र स्वीकृत नक्सा तथा डिजाईन वमोजिमको भवन निर्माण गर्नु पर्नेछ । सो बमोजिम पालना नगरेको पाईएमा नगरपालिकाले स्थानीय सरकार संचालन ऐन तथा नियमावलि बमोजिम कारवाहि गर्न सक्नेछ ।

५)नगरपालिकाबाट सुचिकृत इन्जिनिरिंग कन्सलटेन्सीसंग प्राविधिक सरसल्लाह तथा समन्वय गरि निर्माण कार्य गराउनु पर्नेछ ।

६)अन्य आवस्यक जानकारीको लागि गैडाकोट नगरपालिकाको प्राविधिक शाखामा सम्पर्क गर्न सकिनेछ ।

**निर्माणकर्मिको नवीकरण सम्बन्धि विवरण**

| क्र.सं. | आर्थिक वर्ष | नविकरण गरेको मिति | कर तथा शुल्क र जरिवाना तिरेको रसिद नं. | रसिदको मिति | नविकरण गर्नेको दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसुची-४

(कार्यविधिको दफा २ को उपदफा (२) सँग सम्बन्धित)

**स्थानीय निर्माणकर्मीको मूल्यांकनको आधारहरु**

मुल्यांकन समितिले लिने सिप परीक्षणमा प्रत्येक शीर्षकमा पास अंक प्राप्त गरेको हुनु पर्ने छ ।

| शीर्षक | पूर्ण अंक | पास अंक |
|---|---|---|
| नाप जाच | १० | ५ |
| नक्सा पढ्न | ५ | २.५ |
| चौकश मिलाउन | ५ | २.५ |
| गारोको काम | ५ | २.५ |
| औजार चलाउन | ५ | २.५ |
| मापदण्डको जानकारी | ५ | २.५ |
| फलामे छडको पहिचान | ५ | २.५ |
| निर्माण सामग्रीको पहिचान | ५ | २.५ |
| सिमेन्ट मसलाको जानकारी | ५ | २.५ |
| व्यक्तित्व तथा कार्य कौसलता | ५ | २.५ |
| बहु विकल्प प्रश्न परीक्षा | २० | १० |
| कम्तिमा ५ दिने निर्माण तालिमको प्रमाण पत्र | ३० | ३० |
| **जम्मा** | १०० | ६७.५ |

## अनुसुची-५

## औजार, उपकरण र मेसिनहरूको चेकलिस्ट

**तल उल्लेखित निर्माण औजारको बिल पेश गर्नु पर्ने वा स्टक देखाउनु पर्नेछ। ( कम्तिमा ३ सेट )**

**Measuring tools**

| | [√ ] [ N ] | [X] | |
|---|---|---|---|
| Tape | [ ] [ ] | [ ] | |
| Plumb bob | [ ] [ ] | [ ] | |
| Sprit level | [ ] [ ] | [ ] | |
| Masons square | [ ] [ ] | [ ] | |
| String with pegs or equivalent | [ ] [ ] | [ ] | |
| Straight edge or equivalent | [ ] [ ] | [ ] | |
| Water level | [ ] [ ] | [ ] | |
| Measuring Box | [ ] [ ] | [ ] | |

**Masons work tools**

| | [√ ] [ N ] | [X] |
|---|---|---|
| Mortar pan | [ ] [ ] | [ ] |
| Trowels | [ ] [ ] | [ ] |
| Floats or equivalent | [ ] [ ] | [ ] |
| Brooms or equivalent | [ ] [ ] | [ ] |
| Bucket and sponges club or equivalent | [ ] [ ] | [ ] |
| Masons hammer | [ ] [ ] | [ ] |
| Chisels | [ ] [ ] | [ ] |
| Jointers | [ ] [ ] | [ ] |

**Common construction tools**

| | [√ ] [ N ] | [X] |
|---|---|---|
| Shovel | [ ] [ ] | [ ] |
| Pick axe | [ ] [ ] | [ ] |
| Hoe | [ ] [ ] | [ ] |
| Earth rammer | [ ] [ ] | [ ] |
| Tool box | [ ] [ ] | [ ] |

**Personal safety tools**

| | [√ ] [ N ] | [X] |
|---|---|---|
| Helmet | [ ] [ ] | [ ] |
| Googles | [ ] [ ] | [ ] |
| Gumboots | [ ] [ ] | [ ] |
| Gloves | [ ] [ ] | [ ] |
| Knee pad | [ ] [ ] | [ ] |
| First aid kit | [ ] [ ] | [ ] |

**Equipment and machines**

| | [√ ] | [ N] | [X] |
|---|---|---|---|
| **Vibrator (min 1)** | [ ] | [ ] | [ ] |
| **If any other specify** | | | |
| | [ ] | [ ] | [ ] |
| | [ ] | [ ] | [ ] |

निरिक्षण मुल्यांकन गरी एकिन गर्ने प्राविधिक

............................ .........................

**सब ईन्जिनियर** **ईन्जिनियर**

आज्ञाले,
मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत